नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना**
**सानोठिमी, भक्तपुर**




**परिचय पुस्तिका २०७८/०७९**

**फोन नं.**
**Fax No.:-**
**Email- ffep.gov@gmail.com**
**वेवसाईट: ffep.gov.np**

## परिचय :-

**नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना संयुक्त राष्ट्र सङ्घीय विश्व खाद्य कार्यक्रमको सहयोगमा सञ्चालित परियोजना हो ।**

नेपालमा विश्व खाद्य कार्यक्रमको सहयोग वि.सं. २०२४ (३० अगस्ट १९६७) बाट शुरु भई वि.सं. २०५२ (सन् १९९५) पौषसम्म तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषदअन्तर्गत पौष्टिक आहार कार्यक्रमको नामबाट नेपालका ३७ जिल्लाका तोकिएका स्थानहरूमा सञ्चालित थियो । वि.सं. २०५२ पौष (सन् १९९५ जनवरी) देखि तत्कालिन शिक्षा मन्त्रालयअन्तर्गत संचालन हुने गरी नेपाल सरकार र विश्व खाद्य कार्यक्रम बीच पटक पटक विभिन्न अवधिका लागि सम्झौता भई हाल सन् २०२३ सम्मका लागि कार्यक्रम सञ्चालनमा रहेको छ । सम्झौता भए अनुसार चालु आ.व. २०७८/०७९ देखि ६ जिल्लाहरु सूदुरपश्चिम प्रदेशका (डोटी, अछाम, बाजुरा, दार्चुला र बझाङ्ग तथा कर्णाली प्रदेशको जाजरकोट) अन्तर्गतका सम्पूर्ण ५६ गाउँपालिका/नगरपालीका अन्तर्गतका सबै सामुदायिक विद्यालयका बालविकास देखि कक्षा ५ सम्मका २४१५ विद्यालयहरुमा अध्ययन गर्ने २,४६,७५५ जना विद्यार्थीहरु लाभान्वित हुने गरी यो कार्यक्रम संचालन भईरहेको छ । यस कार्यक्रम अन्तर्गत प्रति विद्यार्थी प्रति दिन ८० ग्राम भिटामिनयुक्त चामल (Fortified Rice), २० ग्राम दाल, १० ग्राम वनस्पति तेल र २ ग्राम नुन गरी जम्मा

११२ ग्राम बराबरको खाद्यान्न विद्यालयलाई विद्यालय संचालन भएको दिन उपलब्ध गराई विद्यालयमानै दाल–भात, जाउलो, खिचडी अथवा भुटेको भात बनाई मध्यान्हको समयमा खुवाउने गरिएको छ ।

## परियोजनाको उद्देश्य

- ❖ **दीर्घकालीन उद्देश्यः-** खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरूका समुदायका बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँमा अभिवृद्दि गर्ने तथा विद्यार्थीहरूको पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याई मानवपूँजी निर्माण गर्ने ।

## अल्पकालीन उद्देश्यहरु :-

क) विश्व खाद्य कार्यक्रम अन्तर्गत राष्ट्रिय कार्यक्रम (२०१९-२०२३) ले नेपाल सरकारको खाद्य असुरक्षा हटाउन गरेको प्रयासमा सहयोग गर्ने सामाजिक सुरक्षाका लागि  सन्तुलित आहारामा जोड दिँदै शिक्षाको माध्यमबाट ग्रामीण जनताको जीवनस्तर सुधार गर्न तथा क्षमता अभिवृद्दिमा सहयोग गर्ने,

ख) दिवा खाजामार्फत विद्यार्थीहरुको सन्तुलित आहारमा जोड दिदै शैक्षिक गुणस्तर बढाउने,
ग) विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) सँग सहकार्य गरी बालबालिकाहरूको आधारभूत शिक्षा प्रप्त गर्नका लागि विद्यालयहरूमा पहुँच बढाउने,
घ) विद्यालय खाजा कार्यक्रम मार्फत  भोकमरी शुन्यमा झार्ने सरकारको प्रतिवद्धतालाई समेत सहयोग गर्ने,
ङ) यस कार्यकम मार्फत शिक्षाको माध्यमबाट ग्रामीण जीवन स्तरमा सुधार गर्ने,
च) विद्यालय खाजा कार्यक्रमले तत्काल अपेक्षा गरिएका परिणामहरू उच्च भर्नादर कायम गर्न विद्यालय छाड्ने दर घटाउने र भर्नादर बढाउने तथा दैनिक उपस्थिति बढाउने, साथै यसको दीर्घकालीन उद्देश्य पुरा गर्न शिक्षाको प्रावधान मार्फत भोकमरी तथा खाद्य असुक्षा समस्या समाधान गर्ने,
छ) विद्यालय उमेर समूहका बालबालिका र उनीहरूका अभिभावकहरूको स्वास्थ्य तथा सन्तुलित खाना खाने बानी बसाल्ने,
ज) स्थानीय संघसंस्था तथा सामुदायिक समूह तथा सरोकारवालाहरुको उपस्थिति वृद्दि गर्ने,
झ) सम्बन्धित पक्षहरुको क्षमता अभिवृद्दि गर्ने ।

## नीति तथा कियाकलाप

- कार्यकममा सहभागी हुने विद्यालयहरुले खाजा व्यस्थापन समिति गठन गर्ने,
- कार्यकम संचालित प्रत्येक जिल्लाको गाउँपालीका/नगरपालिकास्तरमा रहेको गोदाम घरसम्म विश्व खाद्य कार्यकमले खाद्य तथा गैर खाद्य सामग्री पुऱ्याई दिने र त्यहाँबाट  विद्यालयसम्म विद्यालयले खाद्य सामग्रीहरु बुझी लैजाने ,
- निर्धारित वितरण मितिमा वितरक/कर्मचारीहरुले वितरण केन्द्रमा गई विद्यालयहरुलाई खाद्यान्न वितरण गर्ने,
- व्यवस्थापनमा हुने कुल खर्चमध्ये ५० प्रतिशत रकम सम्झौता अनुसार विश्व खाद्य कार्यकमले नेपाल सरकारलाई उपलब्ध गराउने व्यवस्था  रहेको छ,
- वितरण केन्द्रबाट विद्यालयसम्म ढुवानी गर्दा लाग्ने रकम विद्यालयले नियमानुसार भुक्तानी पाउने व्यवस्था रहेको छ,

- प्रत्यक महिनाको तोकिएको मितिमा एकपटक सम्बन्धित वितरण केन्द्रबाट विद्यालयहरुलाई खाद्य सामग्री वितरण गर्ने व्यवस्था रहेको छ,
- खाद्यान्न ढुवानी, वितरण, अनुगमन निरिक्षणको सम्बन्धित निकायमा मासिक, त्रैमासिक तथा वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ,
- स्वीकृत वार्षिक कार्यक्रमहरु केन्द्रिय कार्यालय, समन्वय कार्यालय तथा शिक्षा विकास तथा समन्वय ईकाइबाट संचालन हुने,
- विश्व खाद्य कार्यक्रमले वार्षिक १८० दिनका लागि खाद्यान्न उपलब्ध गराउने,
- विद्यालय संचालन भएका दिन मध्यान्हको समयमा विद्यालयले खाजा पकाएर खुवाउने व्यवस्था मिलाएको छ,
- कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी पृष्टपोषण प्रदान गर्ने,
- सम्बन्धित पक्षहरुको क्षमता अभिवृद्दि गर्ने,
- कार्यक्रमको समिक्षा तथा अभिमुखरण गर्ने,
- कार्यक्रम तथा बजेट तर्जुमा गर्ने तथा कार्ययोजना बनाउने,
- विश्व खाद्य कार्यक्रमबाट प्राप्त खाद्य तथा गैरखाद्य सामाग्रीहरुको उचित भण्डारण तथा वितरणको व्यवस्थापन गर्ने गराउने,
- सम्बन्धित मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना, विश्व खाद्य कार्यक्रम, शिक्षाका लागि खाद्य समन्वय कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, विश्व खाद्य कार्यक्रम सब-अफिस बीच समन्वय गर्ने गराउने,
- केन्द्रदेखि विद्यालय तहसम्म विभिन्न समितिहरुको बैठक संचालन गर्ने गराउने,
- परियोजनाका लागि आवश्यक स्वीकृत दरवन्दी अनुसार केन्द्र, समन्वय र गाउँपालीका/नगरपालिका तहसम्म कर्मचारीहरुको व्यवस्थापन गरी अभिलेख अद्यावधिक गर्ने गराउने,
- eSP(Electronic System Project Report) र पेपरलेस मनिटरिङ्ग MDCA (Mobile Data Collection ) Mobile तथा Tablet बाट अनुगमन तथा रिपोटिङ्ग गर्ने गराउने,
- परियोजनासँग सम्बन्धित प्रचार-प्रसारका सामग्रीहरु निर्माण तथा वितरण गर्ने गराउने ।

दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयन स मतिहरु: वद्यालय खाजा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनका ला ग आवश्यक स्रोत, साधन, दक्षता र लगानीको प्रबन्ध गर्न बहुपक्षीय सरोकारवालाको बिचमा समन्वय आवश्यक पर्दछ । Operational Agreement 2019 अनुसार वद्यालय दिवा खाजा समन्वय र सञ्चालन र समन्वय निम्नानुसारका स मति रहनेछन् ।

१. शक्षाको ला ग खाद्य कार्यक्रम राष्ट्रिय स मति :

| | | |
|---|---|---|
| (क) स चव - शक्षा, वज्ञान तथा प्र व ध मन्त्रालय | - | अध्यक्ष |
| (ख) महानिर्देशक - शक्षा तथा मानव स्रोत वकास केन्द्र | - | सदस्य |
| (ग) प्रतिनि ध - राष्ट्रिय योजना आयोग | - | सदस्य |
| (घ) प्रतिनि ध - अर्थ मन्त्रालय | - | सदस्य |
| (ङ) आवा सय निर्देशक वा प्रतिनि ध वश्व खाद्य कार्यक्रम | - | सदस्य |
| (च) प्रतिनि ध - महिला, बालबा लका तथा जेष्ठ नागरिक मन्त्रालय | - | सदस्य |
| (छ) कार्यक्रम निर्देशक - शक्षाको ला ग खाद्य कार्यक्रम परियोजना | - | सदस्य-स चव |

**२. शिक्षाको लागि खाद्य कार्यक्रम समन्वय समिति (PCC)**

यो समितिले शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सहयोग पुरयाउने छ । समन्वय समितिमा निम्नलिखित पदाधिकारीहरु रहने छन् :

| | |
|---|---|
| कार्यक्रम निर्देशक, शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना | - अध्यक्ष |
| उप-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| निर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | - सदस्य |
| विश्व खाद्य कार्यक्रम नेपालको प्रतिनिधि | - सदस्य |
| उप-निर्देशक, शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना | - सदस्य-सचिव |

**3.शिक्षाको लागि खाद्य कार्यकमको जिल्ला समिति**

जिल्लाभित्रका विद्यालयहरुमा शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयनको रेखदेख र व्यवस्थापन गर्ने कार्यको लागि प्रत्येक जिल्लामा देहायका सदस्यहरु रहने जिल्ला खाद्य समन्वय तथा अनुगमन समितिमा रहने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| (१) प्रमुख जिल्ला समन्वय समिति | - अध्यक्ष |
| (२) प्रमुख जिल्ला अधिकारी | - सदस्य |
| (३) जिल्ला समन्वय अधिकारी | - सदस्य |
| (४) शिक्षा विकास तथा समन्वय इकाई प्रमुख | - सदस्य |
| (५) जिल्ला स्वास्थ्य कार्यालय प्रमुख | - सदस्य |
| (६) महिला विकास कार्यालय प्रमुख | - सदस्य |
| (७) कृषि ज्ञान केन्द्र प्रमुख | - सदस्य |
| (८) नेपाल खाद्य संस्थान प्रतिनिधि | - सदस्य |

(९) जिल्लाका शिक्षक प्रतिनिधि (शि.वि.स.ई. प्रमुखबाट मनोनित) - सदस्य
(१०) पोषण सम्पर्क व्यक्ति, स्वास्थ्य कार्यालय सूचना महिला सहति २ जना - सदस्य
(११) विश्व खाद्य कार्यक्रमको प्रतिनिधि - सदस्य
(१२) शिक्षाको लागि खाद्य कार्यक्रम (सम्पर्क व्यक्ति) - सदस्य सचिव

## ४. विद्यालय खाजा व्यवस्थापन समिति :

कार्यक्रममा सहभागी हुने प्रत्येक विद्यालयमा एक विद्यालय खाजा व्यवस्थापन समिति रहने छ । खाजा व्यवस्थापन समितिको लागि अभिभावकहरु मध्येबाट ९ जनासम्मको एउटा समिति गठन गरिने छ । सो खाजा व्यवस्थापन समितिमा अभिभावक, शिक्षक, गाउँपालिका/नगरपालिकाका प्रतिनिधि, सम्बन्धित वडाको वडा अध्यक्ष रहने र समितिका सदस्यहरुमा कम्तीमा ५० प्रतिशत महिला सहभागिता हुनुपर्ने व्यवस्था छ ।

**शिक्षा विकास तथा समन्वय इकाई, समन्व्य कार्यालय र सम्पर्क व्यक्तिको विवरण**

| क.स | जिल्ला | शिक्षा विकास तथा समन्वय ईकाइको ईमेल | शिक्षा विकास तथा समन्वय ईकाइ सम्पर्क नं. | फोकल पर्सन सम्पर्क नं | फोकल पर्सनको ईमेल |
|---|---|---|---|---|---|
| १. | दार्चुला | darchuladeo@gmail.com | ०९३-४२०१३५ | ९८४११२९१०९ | bam.yogendra986@gmail.com |
| २. | बाजुरा | edcubajura@gmail.com | ०९७-५४१०३५ | ९८४४२४०४५६ | thakurbkt23@gmail.com |
| ३. | अछाम | jeevangirilg@gmail.com | ०९७-६२०१५८ | ९८६२७९२६८४ | bidyam46@gmail.com |
| ४. | बझाङ्ग | kathayatsb123@gmail.com | ०९२-५२१०६५ | ९८४८७९६०३० | bhimthakurathi2019@gmail.com |
| ५. | डोटी | deodoti70@gmail.com | ०९४-४२०१३५ | ९८४८४८०५११ | chetbamffep@yahoo.com |
| ६. | जाजरकोट | deojajarkot@gmail.com | ०८९-४३०११६ | ९८५७०२२६३१ | rabindrabhandari487@gmail.com |
| ७. | समन्वय कार्यालय धागढी | netrapant5@gmail.com | ०९१-५२११४३ | ९८५८४२४३८२ | netrapant5@gmail.com |